# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड १०   संख्या १०   स्थानीय राजपत्र    भाग २ मिति २०८३।०६।०५**

# विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण सम्बन्धी कार्यविधि २०८३

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०६।०२**

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधनसहित) को दफा ११ को उपदफा २ज को खण्ड ७ को प्रयोजनको लागि राष्ट्रले अंगालेको सङ्घीयताको नीति अनुसार स्थानीय स्तरमा सामुदायिक तथा संस्थागत विद्यालयको रेखदेख, सञ्चालन र व्यवस्थापन गर्ने अभिभावकहरूको सहभागितामा विद्यालय व्यवस्थापन समिति गठन गर्ने कार्यलाई सरल, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ७, शिक्षा ऐन २०२८ को दफा १९ तथा घोराही उप-महानगरपालिकाको शिक्षा ऐन २०७५ (संशोधनसहित) को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ ।

**परिच्छेद-१**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण सम्बन्धी कार्यविधि, २०८३** रहेको छ ।

(२) यो कार्यविधि घोराही उप-महानगरपालिकाका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा लागु हुनेछ।

(३) यो कार्यविधि घोराही उप-महानगरपालिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **सामुदायिक विद्यालय** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

(ख) **व्यवस्थापन समिति भन्नाले** शिक्षा ऐन, २०२८ को दफा १२ तथा घोराही उप-महानगरपालिकाको शिक्षा ऐन, २०७५ को दफा २० बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्दछ ।

(ग) **सहयोग समिति** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन हुने समितिलाई सम्झनुपर्दछ।

(घ) **अभिभावक** भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम परिभाषित गरिएको व्यक्ति सम्झनुपर्दछ।

(ङ) **चन्दादाता** भन्नाले सामुदायिक विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग उपलब्ध गराउने व्यक्तिलाई सम्झनुपर्दछ ।

(च) **संस्थापक** भन्नाले विद्यालयको स्थापना गर्ने वा स्थापना र विकासमा शुरुदेखी निरन्तर उल्लेख्य सहयोग पुऱ्याउने वा सो को अगुवाई गर्ने व्यक्तिलाई सम्झनुपर्दछ ।

(छ) **शिक्षाप्रेमी/बुद्धिजीवि** भन्नाले शिक्षाप्रति सकारात्मक सोच भएका सामाजिक विकास एवम् शैक्षिक चेतना अभिवृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले टेवा पुऱ्याउने व्यक्तिलाई सम्झनुपर्दछ ।

(ज) **शैक्षिक सत्र** भन्नाले विद्यालयमा पठनपाठन गर्ने हरेक वर्षको वैशाख एक देखि चैत्र मसान्तसम्मको अवधिलाई सम्झनुपर्दछ । सो शब्दले शिक्षा तथा खेलकुद मन्त्रालयले समायोजन गरेको शैक्षिक सत्रको अवधिलाई समेत जनाउनेछ।

(झ) **संयोजक** भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठन हुने समितिको संयोजकलाई सम्झनुपर्दछ ।

(ञ) **शिक्षा ऐन** भन्नाले शिक्षा ऐन, २०२८ तथा घोराही उप-महानगरपालिकाको शिक्षा ऐन, २०७५ सम्झनुपर्दछ।

(ट) **शिक्षा नियमावली** भन्नाले शिक्षा नियमावली, २०५९ तथा घोराही उप-महानगरपालिकाको शिक्षा नियमावली, २०७६ लाई सम्झनुपर्दछ ।

(ट) **कार्यविधि** भन्नाले विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि, २०८३ सम्झनुपर्दछ।

(ठ) **लाभको पद** भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनुपर्दछ ।

(ड) **धार्मिक/परम्परागत विद्यालय** भन्नाले गुरुकुल/आश्रम, विहार/गोन्पा तथा मदरसा जस्ता परम्परागत शिक्षा प्रदान गर्न सामुदायिक विद्यालय वा सार्वजनिक शैक्षिक गुठीको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका शिक्षण संस्थालाई सम्झनुपर्दछ ।

(ढ) **उपमहानगरपालिका** भन्नाले घोराही उपमहानगरपालिकालाई सम्झनुपर्दछ ।

(ण) **तोकिएको** भन्नाले प्रचलित शिक्षासम्बन्धी सङ्घीय, प्रादेशिक र स्थानीय कानूनमा उल्लिखित कुरालाई सम्झनुपर्दछ।

(त) **सदस्य** भन्नाले विद्यालय व्यवस्थापन समितिको सदस्यलाई सम्झनुपर्दछ । सो शब्दले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतलाई जनाउनेछ ।

(थ) **महाशाखा** भन्नाले घोराही उपमहानगरपालिकाको शिक्षा विषय हेर्ने महाशाखालाई सम्झनुपर्दछ ।

(द) **संस्थागत विद्यालय** भन्नाले नियमित रूपमा सरकारी अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त कम्पनि वा गुठीअन्तर्गतका विद्यालय सम्झनुपर्दछ ।

## परिच्छेद -२

## छनौट सहयोग समितिको गठन

**३. सहयोग समितिको गठनः** (१) सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको छनौट गर्ने सम्बन्धमा अभिभावकहरूलाई सहयोग गर्नका लागि देहायबमोजिमको सहयोग समिति गठन हुनेछ ।

(क) महाशाखा प्रमुख वा निजले तोकेको अधिकृत — संयोजक

(ख) सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य — सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक — सदस्य-सचिव

(२) उपदफा १) बमोजिमको समितिले आफ्नो काममा सहयोग पुऱ्याउनका लागि आवश्यकतानुसार घोराही उपमहानगरपालिकाका कर्मचारी र सम्बन्धित विद्यालयका शिक्षक तथा कर्मचारीलाई काममा खटाउन सक्नेछ।

यसरी कामको जिम्मेवारी तोकिएका कर्मचारीलाई काजमा खटाई सहयोग गर्नु सम्बन्धित कार्यालय तथा विद्यालयको कर्तव्य हुनेछ ।

(३) सहयोग समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले तोकेबमोजिम हुनेछ ।

**४. सहयोग समितिको काम कर्तव्य र अधिकारः** (१) अभिभावक भेला बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

(२) विद्यालय व्यवस्थापन समिति गठनमा सहयोग गर्ने प्रयोजनका लागि कर्मचारी एवम् स्वयंसेवकहरूलाई छनौट कार्यसम्बन्धमा अभिमुखीकरण गर्ने ।

(३) अभिभावक भेलाबाट सम्भव भएसम्म निर्विरोध छनौटका लागि पहल गर्ने।

(४) अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समितिका अभिभावक सदस्यहरूको छनौट हुन नसकी निर्वाचन गर्नुपर्ने भएमा निर्वाचन समितिको रूपमा आवश्यक कार्य गर्ने ।

## परिच्छेद-३

## अभिभावकको परिभाषा र नामावली

**५. अभिभावकको परिभाषा र नामावली सम्बन्धी व्यवस्थाः** (१) विद्यालयले विद्यार्थीका एकाघरका बाबु, आमा, बाजे बज्यै वा विद्यार्थीको पालनपोषण गर्ने र पठनपाठनको व्यवस्था मिलाउने संरक्षकलाई अभिभावकको रूपमा अभिलेख राख्नेछ । तर विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू छनौट गर्ने प्रयोजनको लागि विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै मात्र अभिभावक मानिनेछ। विवाहित छात्राको हकमा छात्राको पति, सासु/ससुरा, बाबु वा आमा मात्र अभिभावक मानिनेछ । यदि विद्यार्थीको उपरोक्त बमोजिमको नाता पर्ने व्यक्ति नभई निजलाई पालन पोषण र संरक्षण गर्ने संरक्षक भनी वडा कार्यालयले सिफारिस गरी विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति अभिभावक बन्न सक्ने छ।

(२) प्रधानाध्यापकले अभिभावकको नामावली अनुसूची-१ बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्ने छ।

(३) उपदफा (१) र (२) बमोजिम विद्यार्थीको अभिभावकको नामावली शैक्षिक सत्रको पहिलो महिना समाप्त भएको ७ दिनभित्र प्रधानाध्यापकले अद्यावधिक र प्रमाणित गरी सो को अभिलेख राख्नुपर्नेछ ।

(४) प्रधानाध्यापकले उपदफा (१) बमोजिम शैक्षिक सत्रको सुरुमा अभिभावकको नामावली अद्यावधिक गर्दा कम्तीमा ३ दिनको सूचना दिई अभिभावकको नामावली हेरफेर गर्न वा सच्याउन अवसर प्रदान गर्नु पर्नेछ ।यसरी सूचनामा तोकिएको मितिभर सप्रमाण अभिभावकको नामावली सच्याउन निवेदन परेमा प्रधानाध्यापकले फरक परेको नाम सच्याउन सक्नेछ । एक शैक्षिक सत्रको लागि यसै नामावलीलाई आधिकारिक मान्नु पर्नेछ । यसपछि थपघट गर्न वा सच्याउन सकिने छैन। तर विद्यालयले विवाह, कर्मचारीको सरुवा, बसाइसराइ वा अन्य कुनै कारणले कुनै विद्यार्थी स्थानान्तरण भएर आएको वा विद्यालयबाट गएको प्रमाणसहित अभिभावकको नामावली शैक्षिक सत्रको बीचमा समेत अद्यावधिक गर्न सक्नेछ ।

(५) एकै अभिभावकको एक भन्दा बढी बालबालिका विद्यालयमा अध्ययनरत भएमा उक्त अभिभावकले मत प्रकट गर्ने अवस्थामा एक मत मात्र प्रकट गर्न पाउनेछ ।

(६) विद्यालयमा भर्ना भई बीचैमा विद्यालय छाडेमा वा सम्बन्धित विद्यालयमा अध्ययन गर्ने कक्षा हुँदाहुँदै अन्य विद्यालयमा स्थानान्तरण भएमा उक्त विद्यार्थीको अभिभावकको नाम नामावलीबाट हटाइनेछ ।

### परिच्छेद- ४

### अभिभावक भेला सम्बन्धमा

**६. अभिभावक भेलासम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अभिभावक सदस्यहरू छनौट गर्ने प्रयोजनका लागि शैक्षिक सत्रको जेठ १५ गतेभित्र कम्तीमा ७ दिनको सूचना दिई प्रधानाध्यापकले अभिभावकको भेला बोलाउनुपर्नेछ । तर निर्धारित पदावधि समाप्त भएको कारण अध्यक्ष वा सदस्यको छनौट गर्ने प्रयोजनका लागि त्यसरी अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनुभन्दा ३० दिन अगावै र अन्य अवस्थामा अध्यक्ष र सदस्य पद रिक्त भएमा पदपूर्ति गर्नको लागि त्यसरी रिक्त भएको १५ दिनभित्र अभिभावक भेला बोलाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिभावक भेला बोलाउनू पूर्व उप-महानगरपालिकाको शिक्षा विषय हेर्ने महाशाखाबाट अनुमति लिनुपर्नेछ र अनुमति प्राप्त भएपछि छनौट सहयोग समितिको संयोजक र वडा कार्यालयको परामर्शमा अभिभावक भेला बोलाउने मिति तय गर्नुपर्ने छ ।

(३) प्रधानाध्यापकले उपदफा (१) बमोजिम अभिभावक भेलाको सूचना सम्प्रेषण गर्दा अभिभावकको मोबाइल नं उपलब्ध भएसम्म मोबाइलमा फोन गर्ने वा सन्देश पठाउने व्यवस्था गर्नुपर्नेछ । मोबाइल नं उपलब्ध नभएका अभिभावकको हकमा व्यक्तिगत रूपमा पत्र पठाउनुपर्नेछ । सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन स्थानीय एफ. एम., राष्ट्रिय दैनिक पत्रिका, सामाजिक सञ्जालको समेत प्रयोग गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम अभिभावकलाई भेला गराउनुभन्दा कम्तीमा पाँच दिन अघि सहयोग समितिले अनुसूची १ बमोजिमको ढाँचामा अभिभावकको नामावली विद्यालयमा सार्वजनिक गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रकाशित अभिभावकको नामावलीमा नाम, थर ठेगाना फरक परेमा अभिभावक भेला हुनुभन्दा कम्तीमा चार दिन अघि नामावली सच्याउनको लागि सम्बन्धित अभिभावकले प्रमाण सहित विद्यालयमा निवेदन दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै अभिभावकको विवरण सच्याउनु पर्ने भएमा सोको संशोधन सहितको नामावली अभिभावक भेला हुनुभन्दा तीन दिन अघि प्रकाशन गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रकाशित नामावलीमा नाम समावेश भएको अभिभावकको नामावलीको विरोध गरी अर्को कुनै अभिभावकले उजुरी गर्न चाहेमा अभिभावक भेला हुनुभन्दा दुई दिन अगावै तोकिएको मिति, समय र स्थानमा अनुसूची २ बमोजिम उजुरी प्रधानाध्यापकसमक्ष दिन सक्नेछ ।

(८) प्रधानाध्यापकले उपदफा (६) बमोजिमको उजुरी सहयोग समितिसमक्ष पेश गर्नुपर्नेछ र समितिले उक्त उजुरी अध्ययन गरी अभिभावकको नामावली संशोधन गर्नुपर्ने भए संशोधन गरी अभिभावक भेला हुनुभन्दा अघिल्लो दिन अन्तिम नामावली प्रकाशन गर्नुपर्ने छ ।

**७. अभिभावक राख्न नहुनेः** यस कार्यविधिको दफा ५ बमोजिम बाहेकको अभिभावक विद्यालयमा अभिभावकको नामावलीमा समावेश गरिनु हुँदैन ।

**८. गणपुरक सङ्ख्याः** (१) अभिभावक नामावलीमा सूचीकृत अभिभावकमध्ये न्यूनतम ५१ प्रतिशत वा सो भन्दा बढी अभिभावकको उपस्थितिलाई गणपुरक सङ्ख्या मानिनेछ।

(२) कुनै अभिभावकले सूचना पाइन वा मिलेन भनेको वा कुनै अभिभावकको अनुपस्थिति भएका आधारमा मात्र भेला रोकिने वा स्थगित वा बदर हुने छैन ।

**९. अभिभावक भेलाको अध्यक्षताः** (१) विद्यालय व्यवस्थापन समितिको निर्धारित पदावधि समाप्त हुनुपूर्व बोलाइएको अभिभावक भेलाको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्धारित पदावधि समाप्त भइसकेको र शिक्षक अभिभावक संघको निर्धारित पदावधि कायम रहेको अवस्थामा शिक्षक अभिभावक संघको अध्यक्षले भेलाको अध्यक्षता गर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको अवस्था नरहेको अवस्थामा सम्बन्धित वडाध्यक्ष वा वडा सदस्यले भेलाको अध्यक्षता गर्नेछ।

## परिच्छेद — ६

## सदस्य र अध्यक्ष छनौट सम्बन्धी व्यवस्था

**१०. सदस्य र अध्यक्ष पदका लागि अयोग्यताः** (१) देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुनको लागि अयोग्य मानिनेछ ।

(क) गैर नेपाली नागरिक ।

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको ।

(ग) विद्यालयमा सञ्चालित कक्षामध्ये सबैभन्दा माथिल्लो कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको । यस्तो शैक्षिक योग्यता भएका व्यक्ति उपलब्ध नभएमा अध्यक्षको हकमा मात्र योग्यता अनिवार्य हुनेछ तर कुनै पनि सदस्यको तोकिएको शैक्षिक योग्यता नभएमा अध्यक्ष छनौट गर्न बाधा पर्नेछैन ।

(घ) अध्यक्षको लागि भए वडाध्यक्ष, वडा सदस्य, बहालवाला शिक्षक वा वहालवाला कर्मचारी ।

(ङ) प्रचलित कानूनबमोजिम कालो सूचीमा परेको ।

(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, तोडफोड तथा आगजनी, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तु ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, जातीय भेदभाव तथा छुवाछुत, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको ।

(छ) संस्थागत विद्यालय वा अन्य शैक्षिक संस्था वा शैक्षिक परामर्श सेवा प्रदायक संस्थामा लगानी भएको ।

(ज) शिक्षक तथा कर्मचारीबाट अवकाश भएको दुई वर्ष पूरा नभएको ।

(झ) आफ्ना बालबालिका विद्यालयमा अध्ययनरत नभएको ।

(ञ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको।

(२) व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुनका लागि उपदफा (१) बमोजिम अयोग्यता नरहेको ब्यहोरा खुलाई अनुसूची-१६ बमोजिम स्वःघोषणा गर्नुपर्नेछ ।

**११. सदस्य छनौटको प्रक्रियाः** (१) विद्यालय व्यवस्थापन समितिका कम्तीमा २ जना महिलासहित ४ जना अभिभावक सदस्य छनौट गर्न देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(क) पहिलो पटक बोलाइएको अभिभावक भेलाको हकमा अभिभावक नामावलीमा रहेका कुल अभिभावक सङ्ख्याको ५१ प्रतिशत वा सोभन्दा बढी अभिभावकहरूको उपस्थितिमा सर्वसहमतिमा सदस्य छनौट गर्ने।

(ख) दोस्रो पटक बोलाइएको अभिभावक भेलाको हकमा सर्वसहमति बनाउन प्रयास गर्ने र सहमति नभएमा अभिभावक नामावलीमा रहेका कुल अभिभावक सङ्ख्याको ५१ प्रतिशत वा सोभन्दा बढी अभिभावकहरूको उपस्थितिमा कम्तीमा ५० प्रतिशत अभिभावकहरूको बहुमतमा (हस्ताक्षर/सहिछापसहित) सदस्य छनौट गर्ने ।

(ग) तेस्रो पटक बोलाइएको अभिभावक भेलाको हकमा अभिभावक नामावलीमा रहेका कुल अभिभावक सङ्ख्याको कम्तीमा २५ प्रतिशत अभिभावकहरूको बहुमतमा सदस्य छनौट गर्ने ।

(२) उपदफा (१) बमोजिम अभिभावक भेलाबाट सदस्य छनौट हुन नसकेमा तेस्रो पटकको अभिभावक भेलाबाट निर्वाचनमा जाने निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) को प्रयोजनका लागि अघिल्लो शैक्षिक सत्रमा बोलाइएको अभिभावक भेलाको निरन्तरतामा बोलाइएको अभिभावक भेलासमेत गणना हुनेछ ।

**१२. अध्यक्ष छनौटको प्रक्रियाः** (१) विद्यालय व्यवस्थापनको अध्यक्ष छनौट गर्न देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(क) पहिलो चरणमा शिक्षक प्रतिनिधि र प्रधानाध्यापक बाहेकका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको सर्वसहमतिमा तोकिएको योग्यता भएको सदस्यलाई अध्यक्षमा छनौट गर्ने। सर्वसहमति हुन नसकेमा शिक्षक प्रतिनिधि र प्रधानाध्यापक बाहेकका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूमध्ये बहुमत सदस्यले छानेको सदस्य अध्यक्ष हुने।

(ख) खण्ड (क) बमोजिमको प्रक्रियाबाट अध्यक्ष छनौट हुन नसकेमा शिक्षक प्रतिनिधि र प्रधानाध्यापकसहितका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूमध्ये बहुमत सदस्यले छानेको तोकिएको योग्यता भएको सदस्य अध्यक्ष हुने।

(ग) खण्ड (ख) बमोजिम मत बराबर भएमा गोला प्रथाद्वारा अध्यक्ष छनौट हुनेछ।

(घ) प्रचलित कानुन बमोजिम तोकिएको योग्यता प्राप्त नगरेको सदस्य अध्यक्ष पदको लागि योग्य हुनेछैन।

(ङ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदको उम्मेदवारले अनुसूची-१६ बमोजिमको ढाँचामा स्वघोषणा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौटका लागि बोलाइएको बैठकमा कुनै सदस्यको अनुपस्थितिको कारण छनौट तथा निर्णय प्रक्रिया रोकिने छैन ।

**१३. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समिति गठनः** (१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समिति गठनका गर्न देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(क) विद्यालयका लगानीकर्ता वा गुठियारहरूको बैठकबाट अध्यक्ष मनोनयनका लागि सम्भाव्य कम्तीमा २ जना व्यक्तिहरूको नाम सिफारिस गरी महाशाखा प्रमुखसमक्ष अध्यक्ष मनोनयन गरिदिन लिखित अनुरोध गर्नुपर्नेछ ।

(ख) महाशाखा प्रमुखबाट अध्यक्ष मनोनयन भइसकेपछि विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने महाशाखाको अधिकृत र वडा समितिबाट मनोनित हुने स्थानीय बुद्धिजीवी वा शिक्षा प्रेमी तोकिदिनका लागि सम्बन्धित निकायमा लिखित अनुरोध गर्नुपर्नेछ ।

(ग) महाशाखा प्रतिनिधि र वडा समितिबाट मनोनित हुने व्यक्ति सम्बन्धित निकायबाट तोकिएपछि विद्यालयमा कार्यरत शिक्षकहरूको स्टाफ बैठकबाट शिक्षक प्रतिनिधि चयन गर्नुपर्नेछ ।

(घ) खण्ड क, ख र ग बमोजिम सदस्य छनौट भइसकेपछि सम्पूर्ण सदस्यहरूको उपस्थितिमा बैठक बसी अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिलासहित दुई जना अभिभावकलाई सदस्य पदमा मनोनित गर्नुपर्नेछ ।

**१४. निर्वाचन कार्यतालिका प्रकाशनः** अभिभावक भेलाबाट निर्वाचनमा जाने निर्णय भएपछि सहयोग समितिले अभिभावक सदस्य छनौटका लागि अनुसूची-३ बमोजिमको ढाँचामा निर्वाचन कार्यतालिका प्रकाशन गर्नुपर्नेछ ।

**१५. मनोनयन दर्ताः** (१) उम्मेदवार हुन योग्यता पुगेको कुनै पनि व्यक्तिले विद्यालय व्यवस्थापन समितिको सदस्यमा मनोनयन दर्ता गर्न सक्नेछ । मनोनयनको निवेदन अनुसूची-४ मा उल्लेखित फारामको ढाँचामा हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मनोनयन दर्ता गराउन एक जना प्रस्तावक र अर्को एक जना समर्थक हुनुपर्ने छ । प्रस्तावक र समर्थक दुवै अभिभावकको सूचीमा नाम दर्ता भएको व्यक्ति हुनुपर्नेछ ।

(३) उम्मेदवार स्वयंले नै विद्यालयमा मनोनयन फाराम दर्ता गराउनुपर्नेछ ।

**१६.धरौटी राख्नुपर्नेः** (१) दफा १५ बमोजिम उम्मेदवारले मनोनयनपत्र दाखिला गर्दा अभिभावक भेलाबाट निर्धारण भएको रकम धरौटी राख्नुपर्नेछ। धरौटी बापतको रकम विद्यालयमा रसिद काटी जम्मा गर्नु पर्ने वा विद्यालयको नाममा रहेको बैंक खातामा जम्मा गरी रसिद वा बैंक भौचर मनोनयनपत्र साथ पेश गर्नुपर्नेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको सदस्य पदको उम्मेदवार हुनको लागि जम्मा गरिएको धरौटी रकम फिर्ता हुनेछैन।

**१७. मनोनयन पत्र दर्ता गर्नुभन्दा पहिला जाँच गर्नेः** (१) सहयोग समितिका संयोजकले आफू समक्ष दर्ताको लागि प्राप्त भएको मनोनयनपत्र दर्ता गर्नुभन्दा पहिला देहायको आधारमा मनोनयनपत्रको जाँच गर्नुपर्नेछ ।

(क) मनोनयनपत्रमा मनोनित उम्मेदवार, प्रस्तावक र समर्थक अभिभावकको सूचीमा सूचीकृत हुनुपर्नेछ ।

(ख) मनोनयनपत्रमा मनोनित उम्मेदवार, प्रस्तावक र समर्थकको दस्तखत हुनुपर्नेछ ।

(ग) दर्ता शुल्क राखेको नगदी रसिद वा बैंक भौचर संलग्न हुनुपर्नेछ ।

(घ) अनुसूची-१ बमोजिमको ढाँचामा अभिभावकको नामावलीमा नाम समावेश भएको हुनुपर्नेछ।

(ङ) दफा १० बमोजिम अयोग्यता नभएको व्यक्ति हुनुपर्नेछ ।

(च) प्रस्तावक वा समर्थक दोहोरिनु हुँदैन ।

(छ) मनोनयन दर्ता गराएको उम्मेदवार स्वयं अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुनुहुँदैन ।

(ज) अनुसूची-१६ बमोजिम स्वःघोषणा गरेको हुनुपर्नेछ ।

(२) संयोजकले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा दफा १५ बमोजिम पेश भएका सबै मनोनयनपत्र जाँच गर्दा सबै उम्मेदवार वा निजको प्रस्तावक वा समर्थकको उपस्थितिमा जाँच गर्नुपर्नेछ र जाँच गर्दा कानुन बमोजिम रीत पुगेका मनोनयन पत्र स्वीकृत गर्नुपर्नेछ ।

(३) मनोनयनपत्र जाँच गर्दा तोकिएको समयमा माथि उल्लेख भए बमोजिम उपस्थित रहनुपर्ने व्यक्ति उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्ने काम रोकिने छैन ।

(४) उम्मेदवारको मनोनयनपत्र जाँच गरिसकेपछि नियमानुसार भएको मनोनयनपत्र अनूसूची-५ बमोजिमको ढाँचामा सोही दिन दर्ता गर्नुपर्नेछ ।

**१८. उम्मेदवारको सूची प्रकाशित गर्नेः** (१) सहयोग समितिले मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि दफा १७ बमोजिम मनोनयन पत्र दर्ता भएका सबै उम्मेदवारहरुको नामावली अनुसूची-६ बमोजिम प्रकाशित गर्नुपर्नेछ ।

**१९. उम्मेदवारको विरोधमा उजुरी दिन सकिनेः** (१) दफा १८ बमोजिम प्रकाशित सूचीमा उल्लिखित उम्मेदवारको विरोधमा सोही पदको अर्को उम्मेदवारले उजुरी गर्न चाहेमा अनुसूची-७ बमोजिमको उजुरी निर्वाचन कार्यक्रममा

उल्लिखित मिति र समयमा अभिभावक भेलाबाट निर्धारण भएको धरौटी रकमको रसिदसहित उजुरी सहयोग समिति समक्ष दिन सक्नेछ ।

(२) निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित उजुरी दिने म्याद समाप्त भएपछि समितिले उजुरीको व्यहोरा समेत उल्लेख गरिएको उजुरीको सूचना अनुसूची-८ बमोजिम सम्बन्धित विद्यालयमा टाँस गर्नुपर्नेछ ।

**२०. विपक्षीलाई सफाई पेश गर्ने मौका दिनेः** दफा १९ बमोजिम उजुरी दर्ता भएमा विपक्षीलाई आफ्नो बारेमा सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

**२१. उजुरीको निर्णय गर्नेः** कुनै उम्मेदवारको योग्यता वा मनोनयनपत्रको रीत नपुगेको सम्बन्धमा दफा १९ बमोजिम कुनै उजुरी परेको रहेछ भने सहयोग समितिले सो उजुरी सम्बन्धमा आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ ।

**२२. मनोनयनपत्र बदर गर्नेः** संयोजकले दफा २१ बमोजिम निर्णय लिँदा वा दफा १७ बमोजिम मनोनयनपत्रको जाँच गर्दा देहायबमोजिमको अवस्थाको मनोनयन पत्र बदर गर्नुपर्नेछ ।

(क) दफा १० बमोजिम उम्मेदवारको योग्यता नपुगेको अवस्थामा

(ख) दफा १६ बमोजिम धरौटी रकम नबुझाएमा

(ग) उम्मेदवारको प्रस्तावक वा समर्थकको नाम अभिभावकको सूचीमा नभएमा

(घ) प्रस्तावकको सहीछाप नभएमा

(ङ) मनोनयन दर्ता गराउने उम्मेदवारको स्वीकृति र सहीछाप नभएमा

**२३. उम्मेदवारको नामावली प्रकाशन गर्नेः** सहयोग समितिले सबै मनोनयनपत्रहरू जाँच गरिसकेपछि कानूनबमोजिम रीत पुगेका उम्मेदवारहरूको नामावली अनुसूची-९ बमोजिम तयार गरी प्रकाशित गर्नुपर्नेछ ।

**२४. उम्मेदवारले नाम फिर्ता लिन सक्नेः** (१) दफा २३ बमोजिम उम्मेदवारको नामावली प्रकाशित भएपछि सो नामावलीमा उल्लेख भएको उम्मेदवारले आफू उम्मेदवार हुन नचाहेमा तोकिएको समयभित्र नामावलीबाट आफ्नो नाम फिर्ता लिन अनुसूची १० बमोजिमको ढाँचामा सूचना दिई नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उम्मेदवारले नाम फिर्ता लिन दिएको सूचना उपर सहयोग समितिले छानविन गरी अनुसूची ११ बमोजिमको ढाँचामा निजको नाम उम्मेदवारको नामावलीबाट हटाइएको सूचना प्रकाशित गर्नुपर्नेछ।

**२५. उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेः** उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि दफा २१ बमोजिम कायम रहेका उम्मेदवारहरूको अन्तिम नामावली अनुसूची-१२ बमोजिमको ढाँचामा प्रकाशित गर्नसक्नेछ ।

**२६. निर्विरोध छनौटः** कम्तीमा २ जना महिला अभिभावकसहित जम्मा उम्मेदवारको सङ्ख्या र छनौट हुने पदको सङ्ख्या बराबर भई सो मनोनयन दर्ता कानून बमोजिम भएको अवस्थामा सदस्यहरू निर्विरोध छनौट हुन सक्नेछन् ।

**२७. निर्विरोध छनौट भएको घोषणा गर्ने:** (१) दफा २६ बमोजिम उम्मेदवार निर्विरोध छनौट भएमा सहयोग समितिले अनुसूची-१३ बमोजिमको ढाँचामा निर्विरोध छनौट घोषणाको तीन प्रति तयार गर्नु पर्नेछ र सो घोषणाको एकप्रति प्रकाशित गर्नु पर्नेछ, एक प्रति छनौट भएका उम्मेदवारलाई दिनु पर्नेछ र बाँकी एक प्रति विद्यालयमा अभिलेखको रूपमा राख्नु पर्नेछ।

**२८. सर्वपक्षीय बैठक बोलाउने:** सहयोग समितिले सदस्य पदका उम्मेदवार र सरोकारवालाहरूको उपस्थितिमा मतदान हुनुभन्दा कम्तीमा १ दिन अघि सर्वपक्षीय बैठक बोलाई मतदान कार्यलाई निष्पक्ष, मर्यादित ढङ्गले सम्पन्न गराउने विषयमा छलफल गर्न सकिनेछ ।

**२९. मतदान र मतगणना:** सहयोग समितिले निर्वाचनसम्बन्धी प्रचलित नेपाल कानूनको पालना गरी मतदानको कार्य गराउनु पर्नेछ र मतदानको कार्य सम्पन्न भइसकेपछि मतगणनाको कार्य गराउनु पर्नेछ ।

**३०. जनशक्ति व्यवस्थापन र पारिश्रमिक:** (१) मतदान र मतगणनाको कार्य गराउँदा सहयोग समितिको संयोजकले निर्वाचन अधिकृतको काम गर्नुपर्नेछ ।

(२) सदस्य छनौटको प्रयोजनका लागि हुने निर्वाचनसम्बन्धी कार्यमा आवश्यक कर्मचारी र स्वयंसेवक लगायतका जनशक्तिको व्यवस्थापन तथा परिचालन सहयोग समितिको निर्णय बमोजिम हुनेछ ।

(३) निर्वाचनसम्बन्धी कार्यमा खटिने सहयोग समितिका सदस्य तथा अन्य जनशक्तिको पारिश्रमिक प्रचलित कानूनबमोजिम हुनेछ ।

**३१. निर्वाचित भएको घोषणा गर्ने:** मतदानको कार्य सम्पन्न भइसकेपछि सहयोग समिति संयोजकले नियमानुसार सम्बन्धित पदमा सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

**३२. प्रमाणपत्र दिने:** दफा २७ र ३१ बमोजिम घोषणा गरी सकेपछि छनौट भएका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई अनुसुची-१४ बमोजिमको ढाँचामा विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा छनौट/निर्वाचित भएको प्रमाणपत्र दिनुपर्नेछ ।

**३३. सपथ ग्रहण:** छनौट/निर्वाचित भएका सदस्यहरूले सहयोग समितिको संयोजक समक्ष अनुसूची-१५ बमोजिम शपथ ग्रहण गर्नुपर्नेछ।

**३४. विद्यालय व्यवस्थापन समितिलाई पूर्णता दिने:** (१) अभिभावक सदस्य छनौट भइसकेपछि बस्ने विद्यालय व्यवस्थापन समितिको सम्भव भएसम्म पहिलो अन्यथा दोस्रो बैठकसम्म विद्यालय व्यवस्थापन समितिलाई पूर्णता दिनुपर्नेछ ।

(२) दफा १२ को खण्ड (क) बमोजिम विद्यालय व्यवस्थापन समितिको पहिलो बैठकबाट अध्यक्ष छनौट हुन नसकेमा दोस्रो बैठकबाट सोही दफाको खण्ड (ख) बमोजिम अध्यक्ष छनौट गर्नुपर्नेछ।

(३) सदस्य मनोनयन गर्नुपर्ने भएमा दफा १२ को खण्ड (क) बमोजिमको बैठकबाट पहिले सदस्य मनोनयन गरी सोही दिनको अर्को बैठकबाट अध्यक्ष छनौट गर्नुपर्नेछ । तर दफा १२ को खण्ड क बमोजिम सदस्य मनोनयन हुन नसकेमा खण्ड ख बमोजिमको बैठकबाट पहिले सदस्य मनोनयन गरी सोही दिनको अर्को बैठकबाट अध्यक्ष छनौट गर्नुपर्नेछ ।

**३५. पदावधिः** (१) छनौट भएका अध्यक्ष र सदस्यको पदावधि प्रचलित कानूनबमोजिम वा सामान्यतया ३ वर्षको हुनेछ । तर पद अनुसारको आचरण गरेको नदेखिएमा निजलाई छनौट गर्ने अभिभावक, पदाधिकारी वा निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

**(२)** देहायको अवस्थामा अध्यक्ष तथा सदस्यहरूको पदावधि स्वतः रिक्त भएको मानिनेछः

(क) राजीनामा दिएमा

(ख) मृत्यु भएमा

(ग) कुनै फौजदारी अभियोगमा सजाय पाउने गरी अदालतबाट कसुरदार ठहरिएमा

(घ) भ्रष्टाचार गरेको प्रमाणित भएमा

(ङ) लगातार ३ वटा बैठकमा विना सूचना अनुपस्थित भएमा

(च) सोही वा अन्य विद्यालयको शिक्षक वा कर्मचारी पदमा नियुक्ति भएमा

(छ) विद्यार्थी विद्यालयमा अध्ययनरत नरहेमा/अभिभावक नरहेमा

(ज) बाल विवाह, अनमेल विवाह वा अन्य कुनै सामाजिक कुरीति वा अन्धविश्वास, बहु विवाह जस्ता कार्यहरू गरेमा वा घरेलु हिंसामा संलग्न भएको कुरा सम्बन्धित निकायबाट पुष्ट्याई भएमा ।

**३६. रिक्त पदपूर्ति सम्बन्धी व्यवस्थाः** (१) कुनै विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनुभन्दा ६ महिना अगावै उक्त पद रिक्त भएमा जुन प्रक्रियाबाट छनौट भएको हो बाँकी अवधिसम्मका लागि सोही प्रक्रिया र क्षेत्रबाट छनौट गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि निर्वाचनबाट छनौट भएका अभिभावक सदस्यको पद रिक्त भएको अवस्थामा अभिभावक भेलाबाट नियमानुसार सदस्य छनौट गरिनेछ ।

**३७. शिक्षक प्रतिनिधि सम्बन्धी व्यवस्थाः** (१) विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने शिक्षक प्रतिनिधिको छनौट सम्बन्धित विद्यालयका प्राथमिक देखी माध्यमिक तह कक्षा (११-१२) सम्म अध्यापन गर्ने स्थायी शिक्षकहरूमध्येबाट शिक्षक स्टाफको बैठकबाट छनौट हुनेछ। यसरी छनौट गर्दा सम्बन्धीत तहको वरिष्ठतम स्थायी शिक्षक, साविक उ.मा.वि.अनुदानमा कार्यरत शिक्षक, स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी शिक्षक, राहत कोटामा कार्यरत शिक्षक, शिक्षण सिकाइ सहयोगतर्फ कार्यरत शिक्षक क्रमशः प्राथमिकतामा रहनेछन।

(२) उपदफा (१) बमोजिमको स्वीकृत दरबन्दी बमोजिमको अवस्था नरहेमा निजि स्रोतबाट तलब भत्ता खानेगरी विद्यालयबाट नियुक्त भएका वरिष्टतम शिक्षक विद्यालय व्यवस्थापन समितिको शिक्षक प्रतिनिधिको रुपमा रहनेछन।

(३) माथि जुनसुकै कुरा लेखिएता पनि आंशिक रुपमा कार्यरत शिक्षक विद्यालय व्यवस्थापन समितिमा शिक्षक प्रतिनिधिकको रुपमा रहनेछनन।

**३८. उजुरी गर्न सक्नेः** (१) यस कार्यविधि अनुसार गठन भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरूको योग्यता सम्बन्धमा विद्यालयको अभिभावक नामावलीमा सूचीकृत अभिभावकहरूलाई चित्त नबुझेमा मनासिब कारण सहित सम्बन्धित विद्यालयमा उजुरी गर्न सक्नेछ र सो को बोधार्थ सम्बन्धित वडा कार्यालय र उपमहानगरपालिकाको शिक्षा विषय हेर्ने महाशाखामा समेत दिनुपर्नेछ ।

(२) यसरी अध्यक्ष र सदस्यको योग्यतासम्बन्धी उजुरी विद्यालयमा प्राप्त भएमा प्रधानाध्यापकले सहयोग समितिको बैठक बोलाई सो सम्बन्धमा सम्बन्धित पक्ष तथा आवश्यकतानुसार अन्य अभिभावकलाई समेत बोलाई छानविन एवम् अध्ययन गरी समाधान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग समितिले समस्या समाधान गर्न नसकेमा नगर शिक्षा समितिले सो सम्बन्धमा यथार्थ बुझी वा बुझ्न लगाई नियमानुसार निर्णय गर्नेछ ।

## परिच्छेद — ७

## विविध

**३९. सहयोग समितिले आवश्यक कार्य गर्न सक्नेः** सहयोग समितिले विद्यालय व्यवस्थापन समितिका सदस्य छनौट प्रक्रिया सम्पन्न गर्नका लागि प्रचलित कानूनको प्रतिकुल नहुने गरी थप कार्यविधि तय गर्न एवम् सल्लाह लिन, उपयुक्त आचार संहिता निर्माण गर्न तथा छनौट प्रक्रियालाई स्वच्छ, निश्पक्ष र मर्यादित ढङ्गले सम्पन्न गर्नका लागि आवश्यक कार्य गर्न सक्नेछ ।

**४०. सबैको कर्तव्य हुनेः** यस कार्यविधिको पालना गर्नु घोराही उप-महानगरपालिका भित्र सञ्चालित सबै सामुदायिक र संस्थागत विद्यालय तथा सरोकारवालाहरूको कर्तव्य हुनेछ ।

**४१. अस्थायी विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमाः** जुनसुकै कारण कुनै विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्न नसकेको अवस्थामा नगर शिक्षा समितिले अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्नेछ।

**४२. बाधा अड्काउ फुकाऊः** यस कार्यविधिले व्यवस्था गरेका कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अड्काउ फुकाउनु परेमा घोराही उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले आवश्यक परिपत्र वा निर्देशन दिन सक्नेछ ।

**४३. कार्यविधिमा संशोधनः** यस कार्यविधिमा समयानुकुल संशोधन गर्नुपर्ने अवस्था आएमा नगर कार्यपालिकाले आवश्यक संशोधन गरी लागु गर्न सक्नेछ ।

**४४. अनुसूचीको प्रयोग तथा हेरफेरः** यस कार्यविधिमा रहेका अनुसूचीहरूलाई प्रचलित कानून तथा व्यवस्थाको प्रतिकूल नहुने गरी आवश्यक हेरफेरसहित प्रयोग गर्न सकिनेछ । तर अनुसूची थपघट गर्नुपरेमा नगर कार्यपालिकाले आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

**४५. बाझिएमा अमान्य हुनेः** यस कार्यविधिमा लेखिएको कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**४६. बचाऊः** विद्यालय व्यवस्थापन समिति गठनसम्बन्धमा यस अघि भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए सरह मानिनेछ ।

अनुसूची-१

दफा ५ को उपदफा (२) सँग सम्बन्धित

<u>अभिभावकको नामावली</u>

श्री ........................................................विद्यालय

घोराही उप-महानगरपालिका वडा नं .........., दाङ ।

| क्र.स | विद्यार्थीको नाम | स्थायी ठेगाना | कक्षा | बाबुको नाम | आमाको नाम | बाजे/बज्यैको नाम | अभिभावक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

...................

तयार गर्ने

कक्षा शिक्षक

...................

प्रमाणित गर्ने

प्रधानाध्यापक

अनुसूची — २

दफा ६ को उपदफा (७) सँग सम्बन्धित

अभिभावकको नाम उपर विरोध गरी उजुरी दिने ढाँचा

मितिः

श्री सहयोग समिति

श्री ..............................विद्यालय,

घोराही उप-महानगरपालिका घोराही, दाङ ।

महोदय,

मिति................................मा प्रकाशित अभिभावकको नामावलीको क्र.स. ......का अभिभावक श्री ..........................निम्न लिखित कारणले अभिभावक नरहेकाले निजलाई अभिभावकको सूचीबाट हटाई श्री .................... लाई सो सूचीमा समावेश गर्न हुन अनुरोध छ ।

उजुरी दिनेको नामः

सहीः

ठेगानाः

अनुसूची-३

दफा १४ को उपदफा (१) सँग सम्बन्धित

सदस्य छनौट कार्यक्रमको सूचना

श्री ............................................................विद्यालय

घोराही उपमहानगरपालिका वडा नं ......................दाङ ।

दाङ जिल्ला घोराही उप-महानगरपालिका वडा नं .......... अन्तर्गत सञ्चालित श्री .........................विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्यहरूको छनौट प्रयोजनको लागि विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि, २०८३ को दफा .........उपदफा .........बमोजिमको सदस्य छनौट कार्यक्रमको सूचना प्रकाशित गरिएको छ ।

| क.स | कार्यक्रमहरू | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता | | | | | | |
| २ | मनोनयन पत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन | | | | | | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी | | | | | | |
| ४ | मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गर्ने | | | | | | |
| ५ | उम्मेदवारको नामावली प्रकाशन | | | | | | |
| ६ | उम्मेदवारी फिर्ता | | | | | | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | | | | | | |
| ८ | सर्वपक्षीय छलफल | | | | | | |
| ९ | मतदान | | | | | | |
| १० | मतगणना | | | | | | |

संयोजकको सहीः

मितिः

अनुसूची-४
दफा १५ को उपदफा (१) सँग सम्बन्धित
उम्मेदवारको मनोनयन पत्र

श्री संयोजक ज्यू
सहयोग समिति

श्री ..................................विद्यालय
घोराही उप-महानगरपालिका वडा नं ............., दाङ।

महोदय,
श्री ......................................विद्यालय घोराही उप-महानगरपालिका वडा नं......, दाङको विद्यालय व्यवस्थापन समितिको सदस्य/महिला सदस्य पदमा छनौट हुनका लागि श्री .............................लाई म प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्दछु । निजको विवरण तपसिल बमोजिम छ ।

१.नाम थरः- २.लिङ्गः-
३.उमेरः- ४.स्थायी ठेगाना
५.विद्यालयमा अध्ययनरत विद्यार्थीको नामः ६. कक्षा
७.विद्यार्थी सँगको नाताः ८.अभिभावक नामावलीमा क्र.स.

प्रस्तावकको नामः
स्थायी ठेगानाः
अभिभावक नामावलीमा क्र.सः
सहीः
मितिः

प्रस्तावक श्री ...............................................ले माथि उल्लेख गरे बमोजिम उम्मेदवार मनोनयन गर्नुभएको प्रस्तावको समर्थन गर्दछु।

समर्थकको नामः
स्थायी ठेगानाः
अभिभावक नामावलीमा क्र.सः
सहीः
मितिः

<u>मनोनित उम्मेदवारले भर्ने</u>

मलाई श्री .............ले सो प्रस्तावको समर्थन गरी विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि २०८३ बमोजिम श्री ............................विद्यालय ............................को वि.व्य.स सदस्य/महिला सदस्य छनौट हुनका लागि उम्मेदवार हुन मन्जुर छु ।

**अनुसूची-५**
**दफा १७ को (४) सँग सम्बन्धित**
**मनोनयनपत्र दर्ताको ढाँचा**

श्री विद्यालय ....................................................विद्यालय
घोराही उप-महानगरपालिका वडा नं ..........., दाङ ।

| मनोनयनपत्रको दर्ता नं. | मनोनित उम्मेदवारको विवरण | | | प्रस्तावकको विवरण | | | समर्थकको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम थर | ठेगाना | अभिभावक क्र.स | नाम थर | ठेगाना | अभिभावक क्र.स | नाम थर | ठेगाना | अभिभावक क्र.स |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

विद्यालायको छापः

प्रमाणित गर्नेको सहीः
नामः
मितिः

**अनुसूची-६**

**दफा १८ को उपदफा (१) सँग सम्बन्धित**

**मनोनित उम्मेदवारको सूची प्रकाशन**

यस श्री................................................ विद्यालय घोराही उप-महानगरपालिका घोराही, दाङको विद्यालय व्यवस्थापन समितिको सदस्य/महिला सदस्य पदमा छनौट हुने प्रयोजनको लागि देहायको व्यक्तिको मनोनयनपत्र यस विद्यालयमा दर्ता भएकोले विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि, २०८३ दफा १८ बमोजिम यो सूची प्रकाशित गरिएको छ ।

| क.स | मनोनयनपत्र पद दर्ता नं | पद | उम्मेदवारको नामथर वर्णानुक्रमानुसार | स्थायी ठेगाना | पिता वा पतिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मितिः

**अनुसूची ७**

**दफा १९ को उपदफा (१) सँग सम्बन्धित**

**उम्मेदवारको विरोधमा दिइने उजुरी**

श्री संयोजक ज्यू,
सहयोग समिति
श्री ...............................................विद्यालय घोराही उपमहानगरपालिका वडा नं ............., दाङ ।
महोदय,
श्री ...............................................विद्यालय घोराही उपमहानगरपालिका वडा नं ............., दाङको विद्यालय व्यवस्थापन समितिको सदस्य/महिला सदस्यको पदमा उम्मेदवार हुनको लागि दर्ता नम्बरमा मनोनयनपत्र दर्ता भएका ................श्री ..........................निम्नलिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको मनोनयनपत्र खारेज गरी पाऊँ भनी यो उजुरी दाखिला गरेको छु ।

उजुरीको कारणः..............................................
उजुरी दिनेको नामः
ठेगानाः
सहीः
मितिः
समयः

**निर्णय**

व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि, २०८३ बमोजिम यो उजुरी उपर जाँच गरेर निम्नलिखित बमोजिम निर्णय गरियो।

निर्णयको संक्षिप्त व्यहोरा

.....................................................................................................................................................
.....................................................................................

नामः
मितिः
समयः
सहीः

**अनुसूची - ८**

**दफा १९ को उपदफा (२) सँग सम्बन्धित**

**उम्मेदवारको विरोध सम्बन्धी उजुरीको सूचना**

श्री ........................................................विद्यालय घोराही ...................., दाङको विद्यालय व्यवस्थापन समिति सदस्य/महिला सदस्य पदमा छनौट हुनको लागि निम्नलिखित उम्मेदवारको विरोधमा देहायबमोजिम उजुरी परेकोले जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| उजुरी दर्ता नं | उजुरीकर्ता उम्मेदवारको विवरण | | विपक्षी उम्मेदवारको विवरण | | उजुरीको व्यहोरा |
|---|---|---|---|---|---|
| | नाम थर | ठेगाना | नाम थर | ठेगाना | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची-९**

**दफा २३ सँग सम्बन्धित**

**उम्मेदवारको नामावली प्रकाशन**

श्री ..................................................विद्यालय घोराही ..........., दाङको विद्यालय व्यवस्थापन समितिको सदस्य/महिला सदस्य पदको उम्मेदवार हुनको लागि दर्ता भएका मनोनयनपत्रहरूको जाँच गर्दा कानून बमोजिम कायम रहेको उम्मेदवारको नामावली विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि,२०८३ को दफा २३ बमोजिम प्रकाशित गरिएको छ ।

| क्र.स | मनोनयनपत्र दर्ता नं | पद | उम्मेदवारको नाम थर वर्णानुक्रमअनुसार | स्थायी ठेगाना | पिता वा पतिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

संयोजकको सहीः

मितिः

## अनुसूची-१०
## दफा २४ को उदपफा (१) सँग सम्बन्धित
## उम्मेदवारी फिर्ता लिएको सूचनाको ढाँचा

श्री संयोजक ज्यू
सहयोग समिति
......................घोराही, दाङ ।

महोदय,

श्री ................................................विद्यालय घोराही उपमहानगरपालिका वडा नं..............., दाङको विद्यालय व्यवस्थापन समिति सदस्य/महिला सदस्य पदमा छनौटका लागि उम्मेदवार हुन मेरो मनोनयनपत्र दाखिला भई मितिमा ................................प्रकाशित उम्मेदवारीको नामावलीमा मेरो नाम समावेश भएकोमा सो निर्वाचनमा उम्मेदवार हाल मलाई इच्छा नभएकोले आफ्नो राजीखुसीले विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि, २०८३ को दफा २४ बमोजिम मेरो नाम फिर्ता लिएको सूचना गर्दछु ।

सहीः
मितिः
नामः
ठेगानाः

संयोजकले गर्ने निर्णय

यो सूचना मिति ..................................को दिन बजे म समक्ष दाखिला भएको यस सूचनाको व्यहोराको सत्यतामा म सन्तुष्ट भएकोले हटाउने/असन्तुष्ट भएकोले निजको नाम उम्मेदवारको नामावलीबाट नहटाउने निर्णय गरें।

संयोजकको सहीः
नामः
मितिः
समयः

**अनुसूची-११**

**दफा २४ को उपदफा (२) सँग सम्बन्धित**

**उम्मेदवारको नाम नामावलीबाट हटाइएको सूचना**

श्री ......................................................को विद्यालय व्यवस्थापन समितिको सदस्य/महिला सदस्य छनौटका लागि उम्मेदवार हुन मनोनयन पत्र दाखिला भई उम्मेदवार भएका निम्नलिखित व्यक्तिहरूले उम्मेदवारको नामबाट आफ्नो नाम फिर्ता लिएको हुनाले निजको नाम उम्मेदवारको नामावलीबाट हटाइएकोले विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि, २०८३ को दफा २४ को उपदफा (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | नाम थर | पिता/पतिको नामथर | उमेर | लिङ्ग | ठेगाना | आफ्नो विद्यार्थीको नाम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मितिः

संयोजकको सहीः

समयः

स्थानः

**अनुसूची-१२**

दफा २३ सँग सम्बन्धित

उम्मेदवारको अन्तिम नामावली प्रकाशन

श्री ........................................विद्यालय घोराही उपमहानगरपालिका वडा नं......., दाङको विद्यालय व्यवस्थापन समितिको सदस्य/महिला सदस्य पदमा छनौट हुनका लागि उम्मेदवार हुन मनोनयनपत्रहरूको दाखिला भई उम्मेदवार भएका व्यक्तिहरू मध्ये विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि २०८३ को दफा २३ बमोजिम कायम रहेका उम्मेदवारहरूको नामावली प्रकाशन गरिएको छ ।

| क्र.स | मनोनयनपत्र दर्ता नं | पद | उम्मेदवारको नाम थर वर्णानुक्रमअनुसार | स्थायी ठेगाना | पिता वा पतिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मितिः

संयोजकको सही.....................................

समयः

स्थानः

अनुसूची-१३

दफा २७ सँग सम्बन्धित

निर्विरोध निर्वाचित भएको घोषणा

श्री ...............................................विद्यालय घोराही उपमहानगरपालिका वडा नं ........, दाङको विद्यालय व्यवस्थापन समिति सदस्य/महिला सदस्य पदमा छनौट हुनका लागि उम्मेदवार हुन मनोनयनपत्र दर्ता भएका व्यक्तिहरूमध्ये निम्नलिखित चार जना व्यक्ति मात्र उम्मेदवार कायम भएकोले विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि २०८३ को दफा २७ बमोजिम निज उम्मेदवारहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्दछु ।

| क्र.स | नाम थर | ठेगाना | लिङ्ग | विद्यार्थी | नाता | कक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

संयोजकको सहीः

**अनुसूची-१४**

**दफा २६ सँग सम्बन्धित**

**छनौट/निर्वाचित भएको प्रमाणपत्र**

दाङ जिल्ला घोराही उप-महानगरपालिका वडा नं ............बस्ने श्री .............................. विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि २०८३ बमोजिम मिति .....................मा भएको अभिभावक भेला/निर्वाचनमा श्री ..........................दाङको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष/सदस्य/महिला सदस्य पदमा छनौट/निर्वाचित भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

संयोजकको सहीः

नाम थरः

मितिः

अनुसूची-१५

दफा ३३ सँग सम्बन्धित

शपथ ग्रहण फाराम

म ईश्वरका नाममा सत्य निष्ठासाथ शपथ लिन्छु कि ........................... विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्यको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने सम्म इमान, धर्म तथा कर्तव्य सम्झी समुदाय विद्यार्थी र अभिभावक प्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही घोराही उप-महानगरपालिकाको शिक्षा ऐन तथा प्रचलित कानूनको अधीनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु । मलाई ज्ञात हुन आएको कुनै कुरा तोकिएको सम्बन्धित व्यक्तिलाई बाहेक अरु कसैलाई भन्ने या संकेत गर्ने छैन ।

| शपथग्रहण गराउने | शपथग्रहण गर्ने |
|---|---|
| सही- | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मिति | मितिः |

अनुसूची-१६

दफा १० को उपदफा (२) सँग सम्बन्धित

**स्वःघोषणा**

म..............................विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष/सदस्य पदमा नियुक्ति हुनको लागि प्रचलित कानूनबमोजिम अयोग्य नभएको र अनुभव पूरा गरेको र उक्त पदमा नियुक्त हुनका लागि अयोग्य नरहेको हुँदा देहायबमोजिमका कागजात तथा विवरण आफैं प्रमाणित गरी यसैसाथ यो स्वःघोषणा पेश गरेको छु ।

१. नाम थरः

२. जन्म मिति (वि.स/ई.स)

३. ठेगाना / (स्थायी)

४. सम्पर्क नः

५. इमेलः

६. बाबु/आमाको नाम र ठेगानाः

७. पति/पत्नीको नाम र ठेगानाः

८. नागरिकता नः जारी मितिः जिल्लाः

९. राष्ट्रिय परिचयपत्र नः

१०. शैक्षिक योग्यताः

११. अनुभवः

१२. आ.व ................................को कर चुक्ताको प्रमाणपत्र ।

१३. निरोगिताको प्रमाणपत्र

१४. कुनै विदेशी मुलुकको नागरिकता, स्थायी आवासीय अनुमति लिएको/नलिएको वा स्थायी आवासीय अनुमतिपत्रको लागि आवेदन दिएको / नदिएको।

आज्ञाले

रामबहादुर हमाल

नि.प्रमुख प्रशासकीय अधिकृत